# त्रियुगा नगरपालिकाको आ.व. २०८०/८१ को बजेट बक्तव्य

त्रियुगा नगरपालिकाको एघारौं नगरसभाका सभाअध्यक्षज्यू,

नगरसभाका सदस्यज्यूहरू,

१. त्रियुगा नगरको एघारौं नगरसभामा नगरको आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्न जिम्मेवारी दिनु हुने आम नगरवासी प्रति सर्वप्रथम आभार प्रकट गर्दै आफूलाई गौरवान्वित ठानेकी छु । यस अवसरमा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था ल्याउन आफ्नो अमूल्य जीवन बलिदान गर्ने शहीदहरु प्रति हार्दिक सम्मान र श्रध्दासुमन अर्पण गर्दछु । साथै, शहिद परिवार, घाईते र बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छु । त्रियुगा नगरको विकास, समृद्धिका लागि निरन्तर लागिरहनु हुने नगरवासीप्रति हार्दिक नमन गर्न चाहान्छु ।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र बिषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नु पर्ने अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने, राजश्वको प्रक्षेपण तयार गर्ने र वित्तीय अनुशासन कायम गर्नुपर्ने व्यवस्था गरे अनुरुप त्रियुगा नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१को वार्षिक वजेट तयार गरिएको छ ।

३. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय र प्रदेश सरकारको बजेट बक्तव्य, त्रियुगा नगरपालिकाको विगत वर्षका आय व्यय प्रवृत्ति, विभिन्न कार्यक्रम र आयोजनाहरुमा गरेको सम्झौता एवं प्रतिवद्धताहरु, क्रमागत योजनाहरुलाई आधार लिएको छ । बजेट तया गर्ने सन्दर्भमा नगरसभाका सदस्यहरुले दिनु भएको सुझावहरुलाई मार्गदर्शनको रुपमा लिएको छ । साथै, जिल्ला र नगरस्थित राजनीतिक दल, संघसंस्था, समाजसेवी र त्रियुगा नगरवासी आमा-बुवा, दिदी-बहिनी, दाजु-भाइहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई समेत ध्यान दिएको छ ।

**सभाध्यक्ष महोदय,**

म चालु आ.व. २०७९।०८० को बजेटको संक्षिप्त रुपमा समिक्षा गर्न चाहान्छु ।

४. चालु आर्थिक वर्षको लागि आन्तरिक आयबाट रु १२ करोड ८५ लाख, राजश्व बाँडफाँडबाट रू १९ करोड ५५ लाख ८५ हजार, संघीय सरकारबाट प्राप्त हुने अनुदान (वित्तीय समानीकरण २३ करोड ४८ लाख, सशर्त चालु तर्फ ५२ करोड १० लाख ८७ हजार र पुँजिगत तर्फ १२ करोड ४ लाख ७० हजार , समपुरक १ करोड ८४ लाख र विशेष ३ करोड ४९ लाख) बाट रु ९२ करोड ९६ लाख ५७ हजार , प्रदेश सरकारबाट प्राप्त हुने अनुदान (वित्तीय समानीकरण ३ करोड ५३ लाख ८ हजार ४ सय ४० , सशर्त ४ करोड ८७ लाख ८७ हजार र समपुरक १ करोड) रु ८ करोड ९३ लाख २५ हजार ४ सय ४० गरी जम्मा रु १ अरब ३४ करोड ३० लाख ६७ हजार ४ सय ४० आय तर्फ अनुमान गरिएकोमा चालु आ.व. २०७९।०८० को बैशाख मसान्तसम्ममा आन्तरिक आयबाट रु ७ करोड ७८ लाख २१ हजार ५ सय १५ (६०.५६ प्रतिशत), राजश्व बाँडफाँडबाट रू ९ करोड ४ लाख ९२ हजार ८ सय ३५ (४६.२७ प्रतिशत), संघीय सरकारबाट प्राप्त हुने अनुदान (वित्तीय समानीकरण, सशर्त, समपुरक र विशेष) बाट रु ८० करोड ११ लाख ८९ हजार ६ सय ६७ (८६.१८ प्रतिशत), प्रदेश सरकारबाट प्राप्त हुने अनुदान (वित्तीय समानीकरण, सशर्त र समपुरक) रु ७ करोड ८० लाख ४० हजार ८ सय ७५ (८७.३७ प्रतिशत) गरी जम्मा रु १ अरब ४ करोड ७५ लाख ४४ हजार ८ सय ९२ (७८ प्रतिशत) खुद आय प्राप्त भएको छ ।

**५. त्रियुगा नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा निम्न विषयहरुलाई प्राथमिकतामा राखिएको छ ।**

(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,

(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,

(घ) स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

(ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,

(च) महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

(छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,

(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्दन गर्न सघाउ पुऱ्याउने,

(झ) भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने,

(ञ) नवप्रवर्तनकारी योजनाहरु

(ट) स्थानीय मेलमिलाप कार्यक्रम मार्फत जनताको न्यायमा पहुँच

(ठ) मानव अधिकारको संरक्षण र शान्ति सुरक्षा

(ड) दिगो विकासका लक्ष्य पुरा गर्ने

**सभाध्यक्ष महोदय एंव नगरसभाका सदस्यज्यूहरु**

**६. आर्थिक वर्ष २०८०।०८१ को बजेट बाँडफाँड गर्दा निम्न क्षेत्रहरुलाई उच्च प्राथमिकतामा राखिएको छः**

(क) उपलब्ध साधन, श्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरी नगरको विकास एव समृद्धीको गतिलाई तिव्रता दिईने ।

(ख) सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास मार्फत समुन्नत नगरको रुपमा विकास गर्दै लगिने।

(ग) विभिन्न किसिमको स्वास्थ्य जोखिमबाट नागरिकलाई सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ सेवा सर्वशुलभ बनाउन स्वास्थ्य सेवाको दायरा विस्तार, स्वास्थ्य सस्थाहरुको पूर्वाधार निर्माण तथा स्तरोन्नति र स्वास्थ्य जनशक्ति विकासमा जोड दिंदै "स्वस्थ्य नागरिक, समृद्ध नगरपालिका" मूलनाराका साथ स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकतामा राखिनेछ ।

(घ) चालु आर्थिक वर्षमा संचालन भई सम्पन्न हुन बाँकी रहेका आयोजनहरु कार्यान्वयनमा ल्याईने।

(ङ) शिक्षाको गुणस्तर सुधारका विभिन्न उपायहरुको अवलम्वन गरी जीवनपयोगी शिक्षा, सूचना प्रविधिको विस्तार, आधारभूत स्वास्थ्य तथा खानेपानी लगायतका सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकास तथा निर्माणको कार्यहरुलाई प्राथमिकतासाथ कार्यान्वयन गरिनेछ ।

**आदरणीय सभाध्यक्षज्यू**

६. आगामी आर्थिक वर्ष २०८०/८१ को लागि प्रस्तावित आय र व्ययको विवरण प्रस्तुत गर्न अनुमति चाहान्छु ।

आयतर्फ

विगत लामो समय देखी नगरपालिकाको आन्तरिक आयलाई वृद्धि गर्न कुनै कार्य योजना बनाई आय वृद्धि तर्फ ध्यान नपुगेकोबाट न्युन आय संकलन भएको देखीएकोले विज्ञबाट सुझाव एंव राजश्व संकलनको कार्ययोजना तयार गर्न लगाई आगमी आर्थिक वर्षमा राजश्वको दरमा धेरै हेरफेर नगरी दायरा फराकिलो बनाई विभिन्न संघ, एंव निकायहरु संग समन्वय गरी आन्तरिक राजश्वमा ठुलो फड्को मार्न सकिने देखीएकोले आन्तरिक आयमा वृद्धि हुने अनुमान गरेको छु ।

**आदरणीय सभाध्यक्षज्यू तथा नगर सभा सदस्यज्यूहरु**

मैले पेश गर्ने अनुमानित आन्तरिक आयलाई प्राप्ति गर्न विद्यमान रहेका करका दरहरूलाई देहाय बमोजिम हुने गरी सामान्य रुपमा परिवर्तन गरेको छु ।

१ घर नक्सा पास गर्दा प्रति वर्ग फिट लाग्ने शुल्कमा रु १ को दरले बढाएको छु ।
२ ढलान बाहेकका अन्य घरहरुको नक्शा पास गर्दा लाग्ने एकमुष्ठ लाग्ने शुल्कमा रु ५०० को दरले बढाएको छु ।
३ घेरा वेरा (कमपाउण्ड वाल) मा लाग्दै आएको शुल्कमा एकमुष्ठ रु ५०० का दरले वढाएको छु ।
४ क्रसर उद्योग संचालन अनुमतिमा लाग् आएको शुल्क रु २०,०००।— मा रु १०,०००।— थप गरी रु ३०,०००।— पुर्याएको छु।
५ नगरपालिकाले लाउदै आएको नगरपालिकाको सटर भाडा प्रति सटर रु ७००० रहेको मा आ व ८०।०८१ बाट न्युनतम रकम रु १०००० कायम गरेको छु ।
६ नगरपालिकाको हलभाडा दैनिक रु १००० रहेकोमा रु २००० कायम गरेको छु ।
७ थेडोलाईट लेभल मेसिनको प्रतिदिन भाडा रु १००० रहेकोमा रु ३००० कायम गरेको छु।
८ अवैध रुपमा तथा निषेधित अवधिमा नदीजन्य पदार्थ उत्खनन तथा संकलन गरेवापत ६ चक्के टिफर १० चक्के टिफरमा लगाउदै आएको जरिवाना रकम समान रहेकोमा छुट्टाछट्टै कायम गरी १० चक्के टिफरलाई पहिलो पटक रु ७००० दोश्रो पटक रु १४००० र तेस्रो पटक वा सो भन्दा माथि रु २१००० कायम गरेको छु ।

९ नेपाल सरकारको पूर्ण स्वामित्व भएको बाहेका आर्थिक कारोवार गर्ने बैंक तथा वित्तिय संस्थालाई देहाय बमोजिमको कर कायम गरेको छु ।

क) “क” वर्गका वाणिज्य बैंक रु ५०००० ।-

ख) “ख” वर्गका विकास बैंक रु २५००० ।-

ग) “ग” वर्गाका फाईनान्स कम्पनि रु २०००० ।-

घ) “घ” वर्गका लघु वित्त रु २०००० ।-

ङ) विमा कम्पनिका शाखा कार्यालहरुलाई रु २०००० ।—

च) मनि ट्रान्सफरका शाखा कार्यालयहरुलाई रु १५००० ।—

छ) यस नगरपालिकामा नै मुख्य कार्यालय रहेका विमा कम्पनी र मनि ट्रान्सफर कम्पनी लाई रु २५००० ।—

माथि मैले वृद्धि गरेका करका दर र राजश्व कार्ययोजनाबाट आन्तरिक राजश्वमा २० करोड ३० लाख हुने अनुमान गरेको छु । राजश्व बाँडफाँडमा १९ करोड १६ लाख ४७ हजार प्राप्त हुने अनुमान गरेको छु र यसमा आ.व. २०७९/८० मा प्राप्त हुने भन्दा २ प्रतिशत कम प्राप्त हुने अनुमान छ ।

संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानमा रू २० करोड १८ लाख, सशर्त अनुदान चालु तर्फमा ५१ करोड ३१ लाख र पुँजिगत तर्फमा २७ करोड ४६ लाख, समपुरक अनुदान १ करोड ३० लाख र विशेष अनुदान १ करोड ८० लाख गरी जम्मा १ अरव २ करोड ५ लाख प्राप्त हुने अनुमान छ । आ.व. २०७९/८० संशोधित अनुदानमा १० प्रतिशत बढी प्राप्त हुनेछ ।

प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानमा रू ३ करोड ९६ लाख २ हजार, सशर्त अनुदानमा १ करोड ४७ लाख २० हजार र समपुरक अनुदान १ करोड २५ लाख ८० हजार गरी जम्मा ५ करोड ८२ लाख ६२ हजार प्राप्त हुने अनुमान छ ।

आन्तरिक राजश्व, राजश्व बाँडफाँड, संघीय र प्रदेश सरकारबाट प्राप्त हुने सबै अनुदानहरू गरी जम्मा १ अरव ४७ करोड ३४ लाख ९ हजार आय प्राप्त हुने अनुमान गरेको छु । यो आय चालु आ.व. २०७९/८० भन्दा १० प्रतिशतले वढी रहेको छ ।

**आदरणीय सभाध्यक्षज्यू तथा नगर सभा सदस्यज्यूहरु**

उक्त अनुमानित कुल रकममा संघिय सरकार र प्रदेश सरकारको शसर्त अनुदान बाहेक आन्तरिक आय, राजश्व वाँडफाँड, प्रदेश सवारी साधन कर, प्रदेश वित्तिय समानिकरण र

संघीय समानीकरण अनुदान गरी कुल रकम रु ६२ करोड ७४ लाख ९ हजार आय हुने अनुमान गरेको छु ।

सोको अनुमानित खर्च विवरण अव प्रस्तुत गर्न अनुमति चाहान्छु ।

यस आ.व. मा वडा गत रुपमा वडावाट विनियोजन हुने गरी प्रति वडा रु ७० लाखका दरले रु ११ करोड २० लाख विनियोजन प्रस्ताव गरेको छु ।

गत विगत देखी यस नगरपालिकाबाट संचालित ठुला आयोजनाहरु बाल मन्दिर मा वि भवन, वरुवा क्यामपस भवन, झोलुङ्गे पुल निर्माण, मोटरेवल पक्की पुल, हेफर कार्यक्रम जस्ता वहु वर्षिय योजनाहरुको निरन्तरताको लागि रु १० करोड ७९ लाख प्रस्ताव गरेको छु ।

आ व २०७९/८० मा वडाबाट संचालित बहु वर्षिय योजनाहरुलाई आगामी आ व २०८०।०८१ मा सम्पन्न गर्ने गरी रु २ करोड १३ लाख ७५ हजार विनियोजन प्रस्ताव गरेको छु ।

आ व २०७९/८० मा ठेक्का लागि रद्द भएको स्ट्रिट लाईट जडानको लागि यस आ व मा निरन्तरता दिनको लागि रु ६० लाख विनियोजन प्रस्ताव गरेको छु ।

सुरक्षित आवास कार्यक्रमलाई निरन्तरता दिनका लागि रु १ करोड प्रस्ताव गरेको छु ।

त्यस्तै आर्थिक विकसमा रु ९० लाख, सामाजिक विकास तर्फ रु २ करोड ५५ लाख, पुर्वाधार विकास तर्फ रु २ करोड, संस्थागत क्षमता विकास रु ८ लाख, वन वातावरण तथा विपद रु ५ लाख, विपद व्यवस्थापन रु २५ लाख, एलानी जग्गा व्यवस्थापनमा रु ५० लाख, अभरमा नगर रु २५ लाख जनतासंग मेयर कार्यक्रम रु ७५ लाख जनतासंग उपमेयर कार्यक्रम रु ५० लाख र प्रशासनिक खर्च २३ करोड ३५ लाख पचास हजार गरी कुल रु ६२ करोड ७४ लाख ९ हजार ( सशर्त अनुदान बाहेक) रकम विनियोजन प्रस्ताव गरेको छु ।

मैले प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट त्रियुगावासी जनताको आर्थिक, सामाजिक अवस्थामा परिवर्तन हुने, वातावरण संरक्षणमा गुणात्मक सुधार, राजश्व संकलनमा उल्लेखनीय बृद्धि हुनुका साथै भौतिक पूर्वाधार निर्माण र सेवा प्रवाह सुधार आई सुशासनको अनुभुति हुने विश्वास लिएको छु ।

अन्त्यमा, यो बजेट निर्माण प्रकृयामा महत्वपूर्ण सहयोग गर्नुहुने आदरणीय नगर प्रमुखज्यु, प्रमुख प्रशासकीय अधिकृतज्यू, योजना तर्जुमा समितिका सदस्यज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु, योजना तर्जुमा समितिका सदस्य-सचिवज्यू, राजश्व परामर्श समित र विषयगत समितिका सदस्य-सचिवज्यूहरु, कार्यपालिकाका सम्पुर्ण सदस्यज्यूहरु, नगरपालिकाका सम्पूर्ण अधिकृत तथा कर्मचारी साथीहरु तथा प्राविधक कर्मचारी साथीहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु ।

त्यसैगरी योजना तर्जुमा समितिलाई महत्वपूर्ण सल्लाह सुझाव दिनुहुने यस जिल्लाबाट प्रतिनिधित्व हुने संघीय संसदका सदस्यज्यूहरु, संविधान सभा सदस्यज्यूहरु, प्रदेश सभाका सदस्यहरु, नगरपालिकाका पूर्व नगर प्रमुखज्यू र उपप्रमुखज्यू, विभिन्न राजनैतिक दलका नेताहरु, उद्योग बाणिज्य संघका पदाधिकारी सदस्यहरु, विज्ञ सल्लाहकारहरु, आदिवासी जनजाती अभियान्ताहरु, महिला संजाल, नगर बालसंजाल, दलित अभियन्ताहरु, नागरिक समाज, पत्रकारबन्धुहरु लगायत अमुल्य सल्लाह र सुझाव दिनुहुने सम्बन्धित सबैमा हार्दिक आभार प्रकट गर्दै धन्यवाद दिन चाहान्छु ।

आगामी आर्थिक वर्षका लागि पेश गरिएको बजेट, नीति तथा कार्यक्रम र सो संग सम्बन्धित अर्थ विधेयक र विनियोजन विधेयक उपर रचनात्मक र सिर्जनात्मक ढंगले सघन छलफल गरी पारित गरि दिनु हुनेछ भन्ने विश्वासका साथ सम्पुर्ण नगरसभा सदस्यज्यूहरुमा हार्दिक अनुरोध गर्दछु ।

त्रियुगा नगरपालिकाको विकास र समृद्धिमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण राजनीतिक दलहरु, समाजसेवीहरु. वुद्धिजिवीहरु, पूर्वजनप्रतिनिधिहरु, विभिन्न गैर सरकारी संघ-सस्थाहरु, अन्तर्राष्ट्रिय गैर सरकारी संघ-सस्थाहरु, दातृ निकायहरु, सम्पूर्ण कर्मचारीहरु, सुरक्षा निकायहरु, सम्पूर्ण संचार जगत तथा पत्रकारहरु एवं त्रियुगा नगरवासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी आर्थिक वर्ष २०८०।०८१ को लागि पारित वजेट, नीति तथा कार्यक्रमलाई सफल वनाउनमा समेत यहाँहरुवाट सकारात्मक सहयोग, समन्वय, सहकार्य एवं शुभेच्छा प्राप्त हुने अपेक्षा राख्दै त्रियुगा नगरवासीहरु सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु ।

**धन्यवाद ।**